आज मिति २०८२।०४।२० गते दिउँसो १:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहाय बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रही निम्न अनुसारका निर्णयहरु गरियो ।

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं. १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँबर | |
| ४ | वडा नं. २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | |
| ५ | वडा नं. ३ वडा अध्यक्ष | चुल बहादुर कुँबर | |
| ६ | वडा नं. ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं. ५ वडा अध्यक्ष | बिष्णु बहादुर मगर | |
| ८ | वडा नं. ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप | |
| ९ | वडा नं. ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा नं. ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| ११ | वडा नं. ९ वडा अध्यक्ष | कुल ब. कुँबर | |
| १२ | वडा नं. १० वडा अध्यक्ष | प्रदिप कुंबर | |
| १३ | वडा नं. ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं. १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | |
| १५ | वडा नं. १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १६ | वडा नं. १४ वडा अध्यक्ष | गोपाल वहादुर थापा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा रेग्मी (नेपाली) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सीता मग्राती (अछामी) | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क. | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम वहादुर रम्तेल | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री एकदेव खनाल | |
| | अन्य उपस्थिति | | |

**प्रस्तव एवं निर्णयहरु :**

आ.व.०८१।०८२ मा नगरपालिकामा भए गरेका विकास निर्माण तथा कार्य संचालन तर्फका योजना तथा कार्यकमहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल एवं समिक्षा गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८२/०५/०६ गते बिहान ८:३० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहाय बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रही निम्न अनुसारका निर्णयहरु गरियो ।

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण बहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं १ वडा अध्यक्ष | हिक्मत बहादुर कुँवर | |
| ४ | वडा नं २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | |
| ५ | वडा नं ३ वडा अध्यक्ष | चुल बहादुर कुँवर | |
| ६ | वडा नं ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं ५ वडा अध्यक्ष | विष्णु बहादुर मगर | |
| ८ | वडा नं ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप | |
| ९ | वडा नं ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा नं ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| ११ | वडा नं ९ वडा अध्यक्ष | कुल ब. कुँवर | |
| १२ | वडा नं १० वडा अध्यक्ष | प्रदिप कुँवर | |
| १३ | वडा नं ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | |
| १५ | वडा नं १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १६ | वडा नं १४ वडा अध्यक्ष | गोपाल बहादुर थापा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा रेग्मी (नेपाली) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सिता मग्राती (अछामी) | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम बहादुर रम्तेल | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री एकदेव खनाल | |
| | अन्य उपस्थिति | | |
| १) | प्रशासन सहायक | श्री निरञ्जन भट्टराई | |
| २) | का.स | श्री नविना खड्का | |
| | | | |
| | | | |

गोरखा नगरपालिका
नगर कार्यपालिका बैठक नं.
मिति २०८२/०५/०६ गते

## मिति २०८२/०५/०६ गते बसेको कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु

**प्रस्ताव नं. १ : आ.व. २०८२/८३ मा कार्यान्वयन गरिने योजनाहरुको तालिका सम्बन्धमा।**

निर्णय नं १ : आ.व. २०८२/८३ मा गोरखा नगरपालिकाको बिषयगत शाखा र वडा कार्यालयतर्फ विनियोजित वजेट कार्यान्वयनको क्रममा समयतालिका बनाई गर्ने र वडा तर्फ विनियोजित बजेट विषयगत शाखा मार्फत कार्यान्वयन गर्नुपर्ने तथा विभिन्न वडा तर्फ विनियोजित सामान प्रकृतिको योजनाहरु (पूर्वाधार बाहेक) को सामान ढंगबाट कार्यान्वयनको लागि वडा र बिषयगत शाखाबाट किटान गरी समय तालिका बनाई कार्यान्वयन गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं २ : सामाजिक बिकास प्रकृतिको तथा अन्य कार्यक्रम खर्च प्रकृतिको कार्यक्रम संचालन मापदण्ड र खर्च सिमा सम्बन्धमा ।**

निर्णय नं २ : गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा संचालन हुने कार्यक्रम प्रकृतिको योजना र खर्चको सवालमा बिभिन्न पर्व, संघ संस्था सहयोग, दिवस समारोह लगायत खेलकुद कार्यक्रमलाई वडा तथा नगर स्तरमा कति सम्म खर्च सहयोग दिने वा खर्चको मापदण्ड के हुने भन्ने कुराको व्यवस्थित गर्न आवश्यक भएकोले बिषयगत समिति र शाखाको पहलमा मापदण्ड निर्माण गरी अर्को कार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो । त्यसै गरी हाल संचालन हुन गैरहेका तीज बिशेष र पर्व बिशेष समारोहहरुमा आयोजना गर्ने प्रतियोगिताहरुमा पुरस्कार राशी बढीमा रु. ५० हजार ननाघ्ने गरी मात्र व्यवस्थापन गर्न लगाउने र अन्य प्रदेश सरकारले तोकेको खर्चको मापदण्ड भित्र रही कार्य गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : पृथ्वीनारायण शाहको शालिक निर्माण र विजय बिगुल स्थापना गर्दाको खर्च भुक्तानी सम्बन्धमा ।**

निर्णय नं ३ : यस गोरखा नगरपालिकाले ऐतिहासिकता झल्काउने, रितिरिवाज र संस्कृति संरक्षण गरी पर्यटन प्रवर्धन गर्ने उद्देश्यले आ.व. २०७९/८० मा पृथ्वीनारायण शाहको शालिक निर्माण र विजय बिगुल स्थापना गर्दा उक्त समयमा पछि स्रोत सुनिस्चित गरी भुक्तानी गर्ने शर्तमा सम्झौता बमोजिम भएको खर्चहरुको उक्त समयमा नै भुक्तानी हुन नसकेकोमा कतिपय सम्झौता पक्षधरहरु भुक्तानी माग

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुंगी ढाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

गर्दै अदालती प्रक्रियामा गएको र अदालती आदेश बमोजिम भुक्तानी गर्नुपर्ने भएकोमा साथै अन्य सोही समयमा भएको खर्चहरुको सम्झौता बमोजिम र खर्च बमोजिम भुक्तानी गर्न तत्कालिन समयमा उक्त कार्य भएको वडा नं ६ को वडा समिति र वडाध्यक्ष तथा गोरखा नगरपालिकामा कार्यरत शाखा प्रमुखहरुको समिति बनाई खर्चको यकिन गरी कार्य सम्पादन प्रतिवेदन बनाउन लगाउने र सोही वमोजिम भुक्तानी हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ :लोकसेवामा पदपूर्तिको लागि माग तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं ४ :** गोरखा नगरपालिकामा स्वीकृत दरबन्दी बमोजिम रिक्त रहेको पदहरुमा लोकसेवामा पदपूर्तिको लागि माग गरी पठाउने र इन्जिनियर नवौं तथा प्रशासन तर्फ साविक अधिकृत छैटौ पदलाई सातौ कायम गरी पदपूर्तिको लागि माग गरी पठाउने बिषयमा नगरपालिकाको कार्यालयलाई नै जिम्मेवारी दिने निर्णय गरियो । त्यसै गरी गत बर्ष नै लोकसेवा आयोग मार्फत माग गरे बमोजिम पाँचौ तहको लेखा समूहको कर्मचारी नगरपालिकामा पदपूर्ति भईसकेकोले यस बिचमा काजमा पठाइएको लेखा समुहकै कर्मचारीको अन्यत्र व्यवस्थापनको लागि मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : पंजीकरण शिविर सम्बन्धमा ।**

**निर्णय नं ५ :** गोरखा नगरपालिकाको कतिपय वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अशक्त र वृद्ध नागरिकहरुको राष्ट्रिय परिचय पत्रको अभावमा नवीकरण हुन नसकिरहेकोले गर्दा नगरपालिकाको खर्चमा जिल्ला प्रशासन कार्यालयको समन्वयमा प्रत्येक वडामा आवश्यकता बमोजिम पंजीकरण शिविर राख्न पहल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ : कृषि व्यवसाय फर्म दर्ता गर्दा शुल्क छुट सम्बन्धमा ।**

**निर्णय नं ६ :** गोरखा नगरपालिका भित्र कृषि व्यवसाय दर्ता तथा नविकरण शुल्क रु. २००० कायम रहेकोमा सो रकम कृषक व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले दर्ता तथा नवीकरण प्रयोजनको लागि आ.व. २०८२/८३ को पौष मसान्तसम्म रु. ५०० कायम गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

मुख प्रशासकिय अधिकृत

*गोरखा नगरपालिका*
*नगर कार्यपालिका बैठक नं.*
*मिति २०८२/०५/०६ गते*

**<u>प्रस्ताव नं ७ : वडा नं ७ को वडा कार्यालय व्यवस्थापन र शहरी बिकास कार्यालयलाई जवाफ पेश गर्ने सम्बन्धमा</u> ।**

<u>निर्णय नं ७ :</u> गोरखा नगरपालिका वडा नं. ७ को वडा कार्यालय भवन हाल निर्माण भईरहेको गोरखा सभाहलको निर्माण हाताभित्र रहेको ब्लक १ को २ तले भवनको पहिलो तलामा सारिएको बिषयमा कार्यपालिकामा जिज्ञासा उठेको र सो बिषयमा जानकारी पठाउन भनी संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीबाट समेत पत्राचार भएको बिषयमा वडा नं. ७ को वडाध्यक्ष मार्फत उक्त कार्यालयबाट खटिई आएको टोली र वडा नं ७ बीच मिति २०७९/११/२ गते बसेको संयुक्त बैठकबाट ब्लक १ को पहिलो तलाको संरचना वडा कार्यालय संचालन गर्न मिल्ने गरी बनाउने सहमति भएको र उक्त ठेक्का बिगत आ.व. देखि नै म्याद थप भई संचालन भईरहेको र पूर्ण रुपमा कहिले सम्पादन भईसक्ने हो यकिन नभएको हुँदा हाल वडा कार्यालय संचालन भइरहेको स्थान सारै साँघुरो र अव्यवस्थित भएकोले ब्लक १ मा रहेको उक्त वडा कार्यालय संचालन गर्न मिल्ने गरी उल्लेखित कार्यालय र वडा नं. ७ को बीच भएको संयुक्त सहमति बमोजिम २ तले भवनको पहिलो तलामा संरचना निर्माण भईसकेकोले जनताको सेवा प्रवाहमा सजिलोपना ल्याउने उद्देश्यले सहमति बमोजिम नै वडा नं. ७ को वडा कार्यालय स्थानानान्तरण भएको व्यहोरा जानकारी भएकोले यसलाई स्वीकार गर्दै सो को जानकारी कास्कीस्थित कार्यालयलाई समेत लेखी पठाउने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ८ : वडा नं १३ को सेवा कार्यालय व्यवस्थापन सम्बन्धमा</u> ।**

<u>निर्णय नं ८ :</u> गोरखा नगरपालिका वडा नं १३ को साविक वडा कार्यालय भवन निर्माण हुँदै गरेता पनि भौगोलिक असहजता र सेवाग्राहीको माग भएकोले वडा नं १३ को निर्णय सहित पेश भएको मझुवा देउराली स्थित बन कार्यालयको भवनमा आवश्यक प्रक्रिया पुरा गरी सेवा कार्यालय स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ९ : कृषि पशु तथा आयुर्वेद सेवा बिस्तार सम्बन्धमा</u> ।**

<u>निर्णय नं ९ :</u> गोरखा नगरपालीकामा कृषि तथा पशु सेवालाई थप जनताको नजिकबाट प्रवाह गर्ने उद्देश्यले वडा नं १,२,३, र ४ र तथा वडा नं ९,१०,११,१२ र १३ को क्षेत्रहरुमा पायक पर्ने स्थानमा बिषयगत कार्यालयको जनशक्तिलाई व्यवस्थापन गरी सेवा दिलाउने निर्णय गरियो ।

प्रमाणित

**प्रमुख प्रशासकिय अधिकृत**

गोरखा नगरपालिका
नगर कार्यपालिका बैठक नं.
मिति २०८२/०५/०६ गते

**प्रस्ताव नं. १० : वडा नं १३ र १४ मा प्राविधिक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं १० :** गोरखा नगरपालिकाको वडा नं. १४ र १३ को बार्षिक बिकास कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्ने उद्देश्यले पाँचौ तहको ओभरसियर तहमा स्थायी पदपूर्ति नहुन्जेल सम्म करार सेवा मार्फत पदपूर्ति गरी कार्य सहजीकरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : रुग्ण ठेक्का तोड्ने सम्बन्धमा ।**

**निर्णय नं. ११ :** गोरखा नगरपालिकामा गत विगत देखि नै ठेक्का प्रक्रिया मार्फत आयोजना सम्पन्न हुन नसकी रुग्ण रुपमा रहेका ठेक्काहरुको हकमा सम्बन्धित ठेकेदारहरुलाई बोलाइ छलफल गर्ने र ठेक्का तोड्ने प्रक्रिया थालनी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : ढुंगा गिट्टी बालुवा प्रयोगको लागि IEE गर्ने सम्बन्धमा ।**

**निर्णय नं ११ :** गोरखा नगरपालिका भित्र नदीजन्य सामग्री उत्खनन गरी निर्माण कार्यमा प्रयोग गर्ने र बिक्री वितरण गर्ने उद्देश्यले सो कार्यको लागि आवश्यक संक्षिप्त बातावरणीय परिक्षण, प्रारम्भिक बातावरणीय परिक्षण गराई सो सामग्रीहरुको प्रयोग हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : संघीय आयोजनाहरुको कार्यान्वयनको लागि ठेक्का वा उपभोक्ता समितिबाट कार्य गर्ने किटानी गर्ने सम्बन्धमा ।**

**निर्णय नं १२ :** गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा संघीय सशर्त अनुदान पुँजीगत तर्फ शहरी बिकास मन्त्रालयबाट हस्तान्तरित योजनाहरु कार्यान्वयनको लागि ठेक्का वा उपभोक्ता समितिबाट कार्य गर्ने बिषय किटानी गर्न आवश्यकता र उपयुक्तता हेरी वडा कार्यालयबाट निर्णय सहित सिफारिश भए बमोजिम कार्यान्वयन हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्री डाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिका बैठक नं.
मिति २०८२/०५/०६ गते

प्रस्ताव नं १३ : बिबिध ।

निर्णय नं १३ बिबिध ।

क. **अनलाइन प्रविधिबाट नागरिकताको सिफारिश गर्दा भएको समस्यामा जिल्ला प्रशासन कार्यालयसँग छलफल गर्ने सम्बन्धमा** : गोरखा नगरपालिकामा गृह मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पंजीकरण बिभागबाट यही २०८२ साल असार महिनादेखि अनलाईन नागरिकता सिफारिश कार्यको थालनी भएको र यस कार्यमा आइरहेको प्रक्रियागत समस्यालाई सहजीकरण र सुधार गर्ने उद्देश्यले एक दिन जिल्ला प्रशासन कार्यालयसँग अन्तरक्रिया कार्यक्रम राख्ने निर्णय गरियो ।

ख. **विपद व्यवस्थापन अन्तर्गत सहयोग सम्बन्धमा :** गोरखा नगरपालिकाभित्र आ.व. २०८२/८३ मा विपद व्यवस्थापन अन्तर्गत जोखिममा परेका घरहरुलाई आवश्यक सहयोग गर्दा निर्माण सहजीकरण सामग्री पत्र नियमानुसार विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन पश्चात मात्र सहयोग गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।त्यसै गरी विपद लक्षित सहयोगमा रु. १५ हजार सम्मको सहयोग वडा समितिको निर्णयबाट र बाँकी सबै विपद व्यवस्थापन समितिको निर्णयबाट अनुमोदन हुने गरी मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

ग. **फोहरमैला डम्पिङ्ग साइटसम्मको बाटो ग्रावेल गर्ने सम्बन्धमा :** गोरखा नगरपालिकाभित्रको कुहिने किसिमका फोहर व्यवस्थापनगर्ने स्थल हाल वडा नं. ७ को बेलडाँडा स्थित स्थलमा जाने बाटो जीर्ण भएकोले ढुवानीमा समस्या भएको हुँदा एवं सम्बन्धित क्षेत्रका बासिन्दाबाट समेत बाटोको अवस्था देखाई फोहरमैला व्यवस्थापन कार्यलाई गर्न सक्ने सम्भावित अवरोधलाई हटाउन बन, बाताबरण तथा विपद व्यवस्थापन तर्फको खर्च शिर्षकबाट उक्त बाटोको आवश्यक स्थानमा ग्रावेल बिच्छ्याउने कार्य गर्ने र सो को लागि आवश्यक ग्रावेल निशुल्क रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

घ. **नगरपालिकाको भवनको डिपीआर तयारी सम्बन्धमा:** गोरखा नगरपालिकाको हालरहेको प्रशासकीय भवन जिर्ण हुँदै गैरहेकोले एक सुबिधासम्पन्न भवन निर्माणको लागि डीपीआर तयारी गर्न लागत साझेदारीमा संघीय सरकार, प्रदेश सरकार लगायत नगर बिकास कोषसँग प्राविधिक र आर्थिक सहयोग लिई प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

ङ. **बार्षिक समीक्षा सम्बन्धमा :** गोरखा नगरपालिकाको आ.व. २०८१/८२ को कार्य सम्पादनको वार्षिक समीक्षा २०८२ असोज पहिलो हप्तासम्ममा सम्पन्न गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत